२०७०।०५।२२
बिहान- ६:०० बजे

बैठक संख्या- ४

उपस्थिती - श्री भोजराज खतिवडा- कार्यकारी अधिकृत - धरान नगरपालिका

आज मिति २०७०।०५।२२ गते मंगलवारका दिन धरान नगर-पालिका कार्य संचालन समिति (बोर्ड) बैठक बसी तपसिलको निर्णयहरु गरियो

(१) एकिकृत ग्रामीण विकास केन्द्र (IRDC) ले पेश गरेको प्रस्ताव र परामर्शदाता (BDA) को सवारी साधन खरिद सम्बन्धमा भएको निर्णयलाई टाइप गरिएको कागजपत्र यसै माइन्युटमा टाँसगरी प्रमाणित गरिएको छ।

निर्णयः–१ एकिकृत ग्रामीण विकास केन्द्रले पेश गरेको प्रस्ताव सम्बन्धमा ।

एकीकृत शहरी विकास आयोजना अन्तर्गत सामुदायिक विकास कार्यक्रमको लागि नियुक्त भएको Integrated Rural Development Center Nepal (IRDC-Nepal) Pvt. Ltd. New Baneshwor, Kathmandu ले मिति २०७०।०३।११ गतेका दिन टोल विकास संस्थाहरुको गठन र संचालनका सम्बन्धमा आयोजना कार्यान्वयन एकाई (PIU) मा पेश गरेको TLO Formation and Orientation Program Proposal लाई आजको बैठकमा छलफल गरी सो प्रस्तावलाई स्वीकृत गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णयः–२ परामर्शदाताको सवारी साधन (गाडी) खरिद सम्बन्धमा ।

एकीकृत शहरी विकास आयोजना अन्तर्गत डिजाईन तथा सुपरभिजन कन्सल्टेण्टको लागि नियुक्त भएको Building Design Authority(P) LTD, Kamaladi, Kathmandu, Nepal लाई आवश्यक पर्ने सवारी साधनको खरिदको लागि दरभाउपत्रदाताबाट तोकिएको मापदण्डहरु बमोजिमको दरभाउपत्र माग गरेको र प्राप्त दरभाउपत्र मध्ये न्यूनतम दरभाउपत्रदाता (सिप्रदी ट्रेडिङ प्रा.ली.)को दरभाउलाई स्वीकृतिको लागि प्रस्ताव पेश गरेकोमा आयोजना कार्यान्वयन एकाई, धरानबाट समेत चेकजांच भै आएको हुंदा Building Design Authority(P) LTD, Kamaladi, Kathmandu, Nepal संग भएको सम्भौताको Provisional Sum को Item मा छुट्टयाईएको रकमको अधिनमा रही उक्त परामर्शदाताले सिफारिस गरे बमोजिम न्यूनतम अनुमानित लागत स्टीमेट तथा कोटेशनलाई स्वीकृत गरी गाडी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा: यस कार्यालयको आयोजनामा महिला संजाल नगर समिति धरानको व्यवस्थापनमा भएको मिति २०७०।०५।२१ को सार्वजनिक सुनुवाईको प्रतिवेदमा छलफल गरियो। कार्यक्रममा दिइएको र प्राप्त सुझाव हरुलाई आगामी कार्यक्रमहरुमा कार्यान्वयन गर्दै जाने र प्रतिवेदन [illegible] निर्णय गरियो।

लिलाम बिक्रिकालागि सिफारिस समितिमा प्राविधिक कर्मचारी तोक्ने सम्बन्धमा! यस नगरपालिका कार्यालयबाट आ. व. २०६९।७० को जिन्सि निरिक्षण गर्न तोकिएका जिन्सि निरिक्षकहरुले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नु पर्ने सामानहरुको जाँचबुझ एवं सर्वेक्षण गरी सिफारिस गर्ने स्थानीय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१८ अनुसार स्थानीय निकायले तोकेको अधिकृत स्तरको कर्मचारी (प्राविधिक) मा यस नगरपालिका कार्यालयमा कार्यरत योजना शाखाका प्रमुख श्री ~~श्री~~ सुरज श्रेष्ठ (ईन्जिनियर) लाई तोक्ने निर्णय गरियो।

आजको बैठक बिहान १०:०० बजे समाप्त गरियो।